प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको विशेष मौका (आंशिक) परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७६ कार्तिक २५ गते)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०६९/७० (२०१२) सम्म भर्ना भई रजिष्ट्रेशन कायम भएका डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि र होटल म्यानेजमेन्ट कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, तेश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, कृषि, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, डिप्लोमा इन फार्मेसी, सामान्य आयुर्वेद चिकित्सा, फरेष्ट्री र अकुपन्चर कार्यक्रमको प्रथम, दोश्रो र तेश्रो वर्षको अन्तिम परीक्षामा पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र परीक्षा दिई अनुत्तिर्ण भएका विद्यार्थीहरुको **विशेष मौका (आंशिक) परीक्षा** माघ महिनामा काठमाण्डौमा संचालन हुने भएकोले मिति ***२०७६ साल मंसिर ०९ गते भित्र नियमित शुल्कमा र २०७६ साल मंसिर १६ गते भित्र विलम्व शुल्कमा*** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।***

### शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ ।

२. परीक्षा शुल्क प्रति विषय रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

३. परीक्षा आवेदन फारामसाथ ***समष्टीगत फारामको प्रमाणित प्रति*** **Printed Copy** ***दुई प्रति र एक प्रति*** **Soft Copy** ***समेत*** **(Excel 7.0 *मा*)** अनिवार्य रुपमा बुझाउँनुर्नेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण **(NQ)** परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत : रद्द हुने छ । तसर्थ परीक्षार्थीहरुको प्राप्तांक दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको ***प्रमाणित*** **Printed Copy** ***एक प्रति र*** **Soft Copy (DVD) Excel 7.0** ***मा*** अनिवार्य रुपमा संलग्न गर्नुर्नेछ ।

५. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

६. परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

७. ***सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु मिति २०७६ साल मंसिर १० गते भित्र नियमित शुल्कमा र २०७६ साल मंसिर १७ गते भित्र विलम्व शुल्कमा परीक्षा आवेदन फराम*** **परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा** ***अनिवार्य रुपमा बुझाउनु पर्नेछ । म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन ।***

८. प्रदेश नं १ को कार्यालय, ईटहरी, सुनसरीको रा. बा. बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०००१२७८०१ मा, प्रदेश नं २ को कार्यालय, जनकपुर, धनुषाको रा. बा. बैङ्क, जनकपुर शाखाको च. हि. नं. १५२०००२६३९०१ मा, प्रदेश नं ३ को कार्यालय, मकवानपुर, हेटौंडाको रा. बा. बैङ्क, हेटौडा शाखाको च. हि. नं. १३००००३६६९०१ मा, गण्डकी प्रदेशको कार्यालय, पोखरा, कास्कीको रा.बा.बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००००००२३४०१ मा, प्रदेश नं ५ को कार्यालय बुटवल, रुपन्देहीको रा. बा. बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६००००३६१०१ मा, कर्णाली प्रदेशको कार्यालय, बीरेन्द्रनगर, सुर्खेतको रा. बा. बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८००१५५२८० मा, सुदुर पश्चिम प्रदेशको कार्यालय, धनगढी, कैलालीको रा. बा. बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०००६५०८०१ मा शुल्क जम्मा गरेको सकल बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

९. परीक्षार्थीहरुको **Symbol No.** परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्नेछ ***र*** **Symbol No. राख्दा Numbering Machine** ***मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।***

१०. अन्य विस्तृत जानकारीको लागि परिषद्को वेभसाइट www.ctevt.org.np र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर वा परिषद्का प्रदेश कार्यालयहरुमा सम्पर्क राख्नुहोला ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**